**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।८।११ गते।

बैठक बसेको समयः अपह्रान्न २.०० बजे।

**उपस्थिति**

| क.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंक बहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |

का. स. श्री चन्द्रिका थापा मगर



CamScanner

मिति २०८१।८।११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | ठेक्का रद्द गर्ने र बाँकी कार्यलाई कोटेशन विधिबाट सम्पन्न गर्ने सम्वन्धमा | पूर्वाधार विकास शाखा |
| २. | दन्त शिविर सञ्चालन गर्ने सम्वन्धमा। | स्वास्थ्य शाखा |
| ३. | सहमति दिने सम्वन्धमा। | प्रशासन शाखा |
| ४. | इन्धनको ढुवानी सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ५ | सडक बोर्डको बजेट कार्यान्वयन गर्ने सम्बन्धमा | पूर्वाधार विकास शाखा |
| ६ | टोलटोलमा स्वास्थ्यकर्मी कार्यक्रमको समीक्षा सम्वन्धमा | स्वास्थ्य शाखा |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको मिति २०८१/०४/२७ गते प्रकाशित बोलपत्र आह्वान को ठेक्का नं.TRM/W/NCB/01/2081/082-I, TRM/W/NCB/01/2081/082-II, TRM/W/NCB/01/2081/082-III, को मिति २०८१/६/८ मा यस गाउँपालिकाको कार्यालय र शुभ श्री निर्माण सेवा प्रा.लिसँग भएको सम्झौता बमोजिम तोकिएको समयमा सडक मर्मत कार्य गर्न नसकेकोले र निज ठेकेदारको काम गराई चित्ता बुझ्दो नभएको र मुख्य चाडपर्वलाई लक्षित गरी सरसफाइ ठेक्का लगाईएकोमा उक्त कार्य सम्पन्न गर्न नसकेको कारणले उक्त निर्माण सेवासँग भएको सम्झौता रद्द गर्ने र उक्त ठेक्का सम्झौताको बाँकी कामको वडाबाट प्राप्त माग बमोजिम कोटेशन विधिबाट प्रतिघण्टा रु १२००।– (बाह्र सय) का दरले व्याक हु लोडरबाट इन्धन बाहेक हुने गरी सडक मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा आगामी मंसिर २९ र ३० गते यस गाउँपालिकको आयोजना र श्री समाज डेण्टलको सहयोगमा गाउँपालिका केन्द्रको प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटारमा दन्त शिविर सञ्चालन गर्ने । उक्त शिविरको लागि यस गाउँपालिकाले आवश्यक ढुवानी आवास एवम् खानाको व्यवस्थापनमा लाग्ने खर्चको भुक्तानी गर्ने सर्वसम्मत परित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दरवन्दी कायम रहेको सहायक चौथो (प्राविधिक) स्थानीय ईन्जिनियरिङ्ग सेवा, सिभिल समुह, अ.स.ई पदका श्री जंग राउत यस कार्यालयबाट कामकाज गर्नका लागि तिला गाउँपालिका डुण्डेली जुम्लामा खटिनु जानु भएकोले र हाल यस कार्यालयले उक्त पदको लागि वागमती प्रदेश लोकसेवा आयोगमा

पदपुर्तिका लागि माग पनि भैसकेको हुनाले निजलाई खटिएकै कार्यालमा पदस्थापनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सहमति सहित लेखी पठाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा इन्धनको ढुवानी सम्वन्धमा यस तीनपाटन गाउँपालिका भित्र विशेष परिस्थितिमा मर्मत  सम्भारको लागि उपलब्ध गराइएको इन्धनको ढुवानी उपयुक्त विधिबाट ढुवानी गर्ने र सो वापत लागेको खर्च व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सडक वोर्डको बजेट कार्यान्वयन गर्ने सम्वन्धमा वडा नं. ३ मा कार्यान्वयन गर्ने  र थप गर्नु पर्ने रकम वडा नं. ३ को आ.व. २०८१/०८२ को बजेटको शीर्षक मिल्ने योजना मध्येबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाबाट सञ्चालित टोल टोलमै स्वास्थ्य कर्मी कार्यक्रममा स्वास्थ्य विमा कार्यक्रममा आवद्ध रहेका विरामीहरुले प्राप्त गर्ने औषधीहरुको विवरण स्वास्थ्य शाखा मार्फत प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटार र वेलघारीमा सफ्टवेयरमा दावी र प्रविष्टि गर्ने व्यवस्थाको लागि निर्देशन दिने साथै उक्त विषयको जानकारी सम्पूर्ण पालिका बासिहरुलाई गर्न लगाउने सर्वसम्मत निर्णय गरियो। साथै वडा नं. २ मा तोकिएको शाखाजोर केन्द्रलाई सोही वडाको मा.वि. हिलेपानीमा कायम गर्ने र वडा नं. ९ को डाँडाखर्क केन्द्रलाई हटाई उक्त केन्द्रमा सेवा लिएका सेवाग्राहीहरुलाई पायकपर्ने केन्द्रमा जानका लागि सूचना दिन लगाउने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो